# परिवार तथा साथीहरु

क्षयरोग भएको पुष्टी भएका (क्षयरोग उनीहरुको फोक्सोमा नभएपनि) व्यक्तिहरुका परिवार तथा साथीहरुको पनि परिक्षण गरिनेछ र उनीहरुलाई पनि रोग लागेको रहेछ भने उपचार गराईन्छ। केहि मामलामा कार्यालयका सहकर्मीहरु, वा विद्यालय, र कलेजका अन्य विद्यार्थीहरुको पनि परीक्षण गर्नु पर्ने हुनसक्छ।

**क्षय रोग बारे थप जानकारीको लागि**
**www.thetruthabouttb.org मा लग अन गर्नु होस् ।**

ROYAL borough of GREENWICH

# के तपाईंलाई पनि क्षयरोग हुनसक्छ?



ROYAL borough of GREENWICH

## परिवार तथा साथीहरु

क्षयरोग भएको पुष्टी भएका (क्षयरोग उनीहरुको फोक्सोमा नभएपनि) व्यक्तिहरुका परिवार तथा साथीहरुको पनि परिक्षण गरिनेछ र उनीहरुलाई पनि रोग लागेको रहेछ भने उपचार गराईन्छ। केहि मामलामा कार्यालयका सहकर्मीहरु, वा विद्यालय, र कलेजका अन्य विद्यार्थीहरुको पनि परीक्षण गर्नु पर्ने हुनसक्छ।

**क्षय रोग बारे थप जानकारीको लागि**
**www.thetruthabouttb.org मा लग अन गर्नु होस् ।**



# क्षयरोग के काणले हुन्छ ?

क्षयरोग ब्याक्टेरीयाको संक्रमणबाट हुने रोग हो, यसले शरीरको जुनसुकै भागलाई पनि असर पार्न सक्छ। तर विशेष गरी यसले फोक्सोमा असर पार्छ। फोक्सोमा हुने क्षयरोग मात्रै सरुवा हुन्छ। ब्याक्टेरीया खोकी अथवा हाछ्युंबाट हावामा फैलन्छ। भाग्यवस रुघा खोकी भन्दा क्षयरोग सर्न गाह्रो हुन्छ र तपाई रोगीसंग नियमित सम्पर्कमा हुनुहुन्छ भने मात्र यो रोग सर्न सक्छ। त्यसैकारण धेरै मानिसहरुलाई आफ्नो जीवनसाथी तथा परिवारका सदस्यहरुबाट क्षयरोग सर्दछ।

### तपाईलाई यी कारणबाट रोग सर्दैन

- ✗ कसैले चौरमा थुकेका कारण -
- ✗ कप, चक्कु तथा प्लेटहरु साटासाट गर्दा -
- ✗ क्षयरोगी संगै बसमा बस्दा

# क्षयरोगका सामान्य लक्षणहरु के के हुन् ?

क्षयरोगका मुख्य लक्षणहरु:

- ✓ तीन हप्ताभन्दा बढी लामो समयसम्म खोकी लाग्नु (यदी फोक्सोमा संक्रमण छ भने)
- ✓ ज्वरो तथा रातमा पसिना आउने,
- ✓ बिना कारण तौल घट्नु र भोक नलाग्नु
- ✓ सामान्य थकान महसुस हुनु

फोक्सोमा हुने बाहेक अन्य क्षयरोगका लक्षणहरु शरीरको कुन अंग प्रभावित भएको छ, त्यसमा निर्भर गर्दछन्। उदाहरणका लागि मेरुदण्डमा हुने क्षयरोगले लामो समयसम्म ढाड दुख्छ।

# क्षयरोग कसरी पत्ता लाग्दछ ?

यदि माथिका लक्ष्यणहरु तपाईमा छन् भने र तपाईलाई आफु क्षयरोगीको नजिकको सम्पर्कमा छु कि जस्तो लाग्छ भने तपाईले डाक्टरसंग कुरा गर्नु जरुरी छ।

ढिलो नगर्नुहोस ! छिटो उपचार गर्नु भनेको छिटो निको हुनु हो। र तपाईले यसको छिटो उपचार गर्नुभयो भने यो रोग तपाईबाट अरुलाई सर्दैन। तपाईलाई क्षयरोग छ कि छैन पत्ता लगाउन छातीको एक्स रे, छालाको परीक्षण, खोकी आइरहेको छ भने खकारको नमुना र कहिलेकाहिं रगत परिक्षणबाट तपाईलाई क्षयरोग लागे /नलागेको पुष्टी गर्न सकिन्छ।

# उपचार के हो ?

बेलायतमा क्षयरोगको उपचार निशुल्क गरीन्छ र प्राय सबै निको पनि हुन्छन्। डाक्टर तथा नर्सले भने अनुसार औषधी सेवन गर्नु अत्यन्तै महत्वपुर्ण हुन्छ। धेरै मानिसहरुले छिटै नैं आफु निको भएको अनुभव गर्दछन्। तापनि उपचार पुरा हुनैं पर्दछ। उपचार गर्न करीब ६ महिनाको समय लाग्छ। क्षयरोगको जटिल समस्या भएका अथवा असाध्यै बिरामी भएका बाहेक क्षयरोगीले अस्पतालमा भर्ना हुनुपर्दैन।